घरपभ्फोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको ६०औं बैठकको निर्णयहरु**

मिति २०८३।२।५

घरपभ्फोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयन समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

गाउँकार्यपालिकाको मिति २०८२।१२।२५ गते बसेको ५८ र मिति २०८३।१।३१ गते बसेको ५९ औं बैठकको समिक्षा गरियो । गाउँ कार्यपालिकाको ५८औं बैठक गाउँसभा अधिवेशनको १७औं बैठकको कार्यसूची तथा बैठकमा पेश हुने प्रस्ताव सम्बन्धी रहेको थियो । उक्त बैठकमा भएको सिरक, सिरानी, डनलबहरु वडाहरुमा व्यवस्थापन गर्ने निर्णय कार्यान्वयन नभएको देखिएको हुँदा तुरुन्तै कार्यान्वयन गर्नु पर्ने देखियो । गाउँ कार्यपालिकाको ५९ औं बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो । साथै चालु आर्थिक बर्ष २०८२।८३ को अन्त्य हुन गईरहेकोले सम्पन्न हुन बाँकि योजना तथा कार्यक्रमहरु तोकिएको समय भित्र सम्पन्न गर्ने गरी कार्यान्वयनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :-**

सडक बोर्डको योजना सम्बन्धमा ।

**निर्णय नं. २ :-**

सडक बोर्ड नेपालको च.नं.६७९ मिति २०८२।९।२८ गतेको पत्रमा उल्लेख भए अनुसार चालु आर्थिक वर्ष २०८२।८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि ब.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत यस घरपभ्फोङ गाउँपालिका अन्तर्गत सडक मर्मत संभारको कार्यक्रम सञ्चालन गर्नका लागि रु.८,१०,०००।- विनियोजन भएकोमा यस गाउँपालिकाको साभेदारी रकम रु.२,०२,५००।- थप गरी कुल जम्मा रकम रु.१०,१२,५००।- बाट तपसिल बमोजिमका सडक मर्मत संभारको कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै निर्णय भएको सडक मर्मत संभारको कार्यक्रम सहमतिका लागि सडक बोर्ड नेपालमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | कार्यक्रम/मर्मत संभार गरिने सडकको नाम | कार्यक्रम सञ्चालन हुने स्थान | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | मुल सडक देखि ढुक्चे जाने सडक बाटो मर्मत | घरपभ्फोङ गा.पा.-३, स्याङ | रु.३,१२,५००।- | |
| २ | गणेश मन्दिर देखि काठेपुल सम्मको सडक मर्मत | घरपभ्फोङ गा.पा.-४, जोमसोम | रु.७,००,०००।- | |

**प्रस्ताव नं. ३ :-**

भगिनी स्थानीय तहलाई अनुदान सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

गाउँपालिकाको चालु आ.ब. २०८२।८३ को स्वीकृत कार्यक्रम : **"भगिनी सम्बन्धमा कायम भएका स्थानीय तहहरुमा स्थानीय संस्कृति तथा पहिचान प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गर्नका लागि विनियोजन

०८३/०२/०५

अध्यक्ष

भएको र यस घरपफोङ गाउँसभा अधिवेशनको १७औं बैठकबाट संशोधन भएको बजेट रु.१५,००,०००।- बाट यस गाउँपालिकाको पहिचान झल्कने गरी स्याउँको आकारमा प्रतिमा बनाउनका लागि भगिनी सम्बन्ध कायम भएका तपसिलका स्थानीय तहहरुलाई निम्नानुसार अनुदान उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | स्थानीय तहको नाम | अनुदान दिने रकम | कैफियत |
|---|---|---|---|
| १ | ललितपुर महानगरपालिका, ललितपुर | रु.५,००,०००।- | |
| २ | पोखरा महानगरपालिका, पोखरा | रु.५,००,०००।- | |
| ३ | बुटवल उप-महानगरपालिका, बुटवल | रु.५,००,०००।- | |

**प्रस्ताव नं. ४ :-**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारमा दर्ता भएको गुनासो तथा सुझावहरु सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेलो सरकारमा दर्ता भएको गुनासो तथा सुझावहरुका सम्बन्धमा जानकारी भयो ।

घरपझोङ गाउँपालिका, ५ नं. वडामा अवस्थित छोमाछो ताल सम्म पुग्ने गोरेटो बाटो गाउँपालिकाले आवश्यकता अनुसार मर्मत संभार गर्ने गरेको र ह्यारुझो भ्यूटावर नजिक संरक्षण व्यवस्थापन समिति, जोमसोमले निर्माण गरेको पर्यटक विश्राम घरको प्रयोग भ्यूटावर अवलोकनमा जाने पर्यटकहरुबाट आकस्मिक रुपमा हुने मौसम परिवर्तन र विश्रामको लागि गर्ने गरेको र उक्त विश्राम घर आवश्यकता अनुसार मर्मत संभारको कार्य अघी बढाईने छ ।

जोमसोम स्थित अधुरो निर्माणाधिन बहुउद्देश्यीय कभर्ड हलको सम्बन्धमा, उक्त कभर्डहल ठुलो बजेटको संघीय सरकारको बहुवर्षे योजनाको रुपमा संघीय र प्रदेश सरकारका कार्यालयहरुबाट सञ्चालन भईरहेको तर अति न्युन बजेट विनियोजन हुने हुँदा लामो समय सम्म पनि सम्पन्न हुन नसकेको र उक्त कभर्डहल सम्पन्न गर्नका लागि गाउँपालिकामा यथेष्ट बजेट नभएकोले योजना सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिदिनका लागि पटक पटक सम्बन्धित संघीय तथा प्रदेश सरकारका मन्त्रालयहरुमा पत्राचार भई रहेको व्यहोरा जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

सव-ईन्जिनियर श्री राजन कंडेलको बिदा सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस गाउँ कार्यपालिकाको कार्यालयमा विगत ६ बर्ष देखि सव-ईन्जिनियर पदमा कार्यरत रहेका श्री राजन कंडेलले मिति २०८३।१।२१ गते निवेदन पेश गरी निज इन्जिनियरिङ विधाको स्नातकोत्तर अध्ययनका लागि अष्ट्रेलियाको Central Queensland University मा भर्ना हुने सम्बन्धी सबै प्रक्रियाहरु अन्तिम चरणमा पुगेकोले २ बर्षको बेतलबी बिदा माग गरेको हुँदा माग गरे अनुसार गण्डकी प्रदेश सरकारबाट जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम १११ र १२० मा भएको व्यवस्था बमोजिम निज सव-ईन्जिनियर श्री राजन कंडेललाई २ बर्षको तलब भत्ता नपाउने गरी र बिदा अवधि पछि २ बर्ष सरुवा सहमती प्रदान नगरिने गरी २०८३।०२।०५ गते देखि लागु हुने गरी अध्ययन बिदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

०८३।०२।०५

अध्यक्ष

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ६ :-**

कम्प्रेसर, स्रेडर, ईन्जेक्सन मोल्डिङ्ग मेसिन र इ-रिक्साको Specification र Cost estimate सम्बन्धमा

**निर्णय नं. ६ :-**

गण्डकी प्रदेश सरकार र यस घरपफोङ गाउँपालिकाको आर्थिक साफेदारीमा सञ्चालनमा रहेको नवप्रवर्तन साफेदारी कार्यक्रमको फोहरमैला संकलन तथा व्यवस्थापन केन्द्र स्थापनाको लागि आवश्यक पर्ने तपसिल बमोजिमका उपकरणहरुको specification स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सिज मेकानिकल ईन्जिनियर श्री प्रेम प्रसाद सापकोटाबाट पेश भएको तपसिल बमोजिमका उपकरणहरुको प्रति युनिट cost estimate लाई समेत स्वीकृत गरियो र नियमानुसार खरिद प्रक्रिया अघी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | उपकरणको विवरण | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | Automatic Injection Machine with Compressor and one Mould | रु.१३,१५,०००।- | |
| २ | Hydraulic Baler (Compressor) Machine | रु.६,१८,०००।- | |
| ३ | Shredder Machine | रु.६,१५,०००।- | |
| ४ | Electric Vehicle (E-Richshaw, Loader)-3 Wheeler | रु.६,००,०००।- | min loading capacity 800 kg |
| ५ | Electric Vehicle (E-Richshaw, Loader)-3 Wheeler | रु.४,७०,०००।- | min loading capacity 600 kg |

**प्रस्ताव नं. ७ :-**

कार्यालय सहयोगी व्यवस्थापन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस घरपफोङ गाउँपालिकाको कार्यालयमा १ जना कार्यालय सहयोगीको अवश्यकता भएको हुँदा करारमा पदपुर्ति गर्ने सर्वसम्मत निर्णय गरियो । साथै यस कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री ओम बहादुर परियारलाई ४ नं. वडा कार्यालयमा खटाउने र ४ नं. वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री विष्णु प्रसाद पौडेललाई गाउँ कार्यपालिकाको कार्यालयमा खटाउने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा (१.भुमि शाखा प्रमुख, २.बजार अनुगमन, ३.मानव अधिकार, ४.विपद् व्यवस्थापन, ५.सूचना केन्द्र, ६. लैङ्गिक विकास डेस्क स्थापना र सम्पर्क व्यक्ति ।

**निर्णय नं. ८ :-**

यस घरपफोङ गाउँपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका क्षेत्र/विषय हेर्ने गरी सम्पर्क व्यक्ति तोक्ने तथा थप जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | क्षेत्र/विषय | प्रमुख/सम्पर्क व्यक्तिको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | भुमि शाखा प्रमुख | श्री आइत बहादुर थकाली | पशु चिकित्सक (सातौ तह) | |

०८२/०८/०८

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | वजार अनुगमन सम्पर्क व्यक्ति/उपभोक्ता हित संरक्षण डेक्स प्रमुख | श्री सविना शर्मा | कृषि अधिकृत (सातौं) | |
| ३ | मानव अधिकार तथा लैङ्गिक विकास डेक्स सम्पर्क व्यक्ति | श्री सरिता थकाली | अधिकृत (छैटौं) | |
| ४ | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | श्री सन्देश थकाली | सव-ईन्जिनियर | |
| ५ | पर्यटन सूचना केन्द्र सम्पर्क व्यक्ति | श्री शर्मिला श्रीस | रोजगार संयोजक | |

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ९ :-**

खेलग्राम पूर्वाधार निर्माण (मार्फा कभर्डहल निर्माण सम्पन्न गर्ने, मार्फा) योजनाको भवनको छानाको structural analysis सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

घरपझोङ गाउँपालिका २ नं. वडामा निर्माणाधीन खेलग्राम पूर्वाधार निर्माण (मार्फा कभर्डहल निर्माण सम्पन्न गर्ने स्वीकृत योजना) अन्तर्गत निर्माणाधीन मार्फा कभर्डहल भवनको छतको structural analysis गरी निर्माण कार्य अघी बढाउनु पर्ने भएकोले स्वीकृत योजनाको कन्टेन्जेन्सी रकमबाट रु.१,००,०००।- खर्च गर्ने गरी परामर्शदाता छनौट गरी कभर्डहलको छतको structural analysis गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

१ नं. वडा कार्यालयको पत्रको सम्बन्धमा ।

**निर्णय नं. १० :-**

१ नं. वडा, छैरोमा निर्माण भई रहेको छैरा खेल मैदान निर्माण योजना विनियोजित रकमबाट थोरै मात्र काम अधुरो रहने हुँदा उक्त खेल मैदानलाई सम्पन्न गर्ने र १ नं. वडा कार्यालयमा अभिलेख व्यवस्थापनका लागि दराज आवश्यक परेको भनी अनुरोध भएको हुँदा तपसिल बमोजिम बजेट विनियोजन गरी कार्यक्रम गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| क्र.सं. | कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | छैरो खेल मैदान सम्पन्न गर्ने | घरपझोङ-१, छैरो | रु.३,००,०००।- | अन्य कार्यक्रम खर्च | |
| २ | वडा कार्यालयमा दराज व्यवस्थापन गर्ने | घरपझोङ-१, छैरो | रु.९५,०००।- | वडा कार्यालय प्रशासनिक तथा विविध | |

०८३।०२।०५

प्रमुख प्रशासकीय अधिकृत

घरपफोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ११ :-**

सुकुन रसाईली वि.क. लाई आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

स्थानीय महिला उद्यमी श्री सुकुन रसाईली वि.क.ले यस घरपफोङ गाउँपालिकाका महिला उद्यमीहरुका तर्फबाट प्रतिनिधि गर्दै एभेरेष्ट फाउण्डेसन नेपालले मिति २०८३।०१।२६ गते राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाण्डौमा आयोजना गरेको महिला शशक्तिकरण एवं राष्ट्रिय महिला उद्यमी सम्मेलनको अवसरमा स्थानीय उत्पादनहरुको प्रदर्शनी राखेको स्टलको भाडा वापतको रकम रु.५०,०००।- विभिन्न संघ संस्थाहरुलाई सहयोग शिर्षकबाट निजलाई आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

चालु आ.ब.को गा.पा. भवनमा बैठक कक्ष व्यवस्थापन तथा पूर्वाधार निर्माण सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

चालु आ.ब.को गा.पा. भवनमा बैठक कक्ष व्यवस्थापन तथा पूर्वाधार निर्माण शिर्षक अन्तर्गत स्वीकृत बजेटबाट बैठक कक्ष व्यवस्थापनको लागि तपसिल बमोजिम बजेट बाँडफाँड गरी कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क.सं. | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | बैठक कक्षको फर्निचर व्यवस्थापन गर्ने | रु.१०,००,०००।- | |
| २ | बैठक कक्षको साउण्ड सिस्टम र अन्य ईलेट्रोनिक्स र इएलेक्ट्रिकल उपकरणहरु व्यवस्थापन गर्ने | रु.५,००,०००।- | |

**प्रस्ताव नं. १३ :-**

विभिन्न पत्रहरुका सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

१) एपेक्स अमित जे.भी.को मिति २०८३।१।१५ गतेको पत्रको बारेमा जानकारी भयो । पत्रमा उल्लेख भएको योजनाको सम्बन्धमा उक्त योजना संघीय सरकारको स्वीकृत योजना रहेको हुँदा बजेट माग भएको व्यहोरा जानकारी भयो ।

२) यस गाउँपालिका, ३ नं. वडा कार्यालयको च.नं.५०० मिति २०८३।२।५ गतेको ई-रिक्सा खरिदमा अनुदान सम्बन्धी पत्र उपर छलफल हुँदा बजेटको परिधिमा रहेर आगामी आ.ब. २०८३।८४ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नेगरी वडा स्तरबाट कार्यक्रम तथा बजेट स्वीकृत गरी पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत